# सि-आस्बा कार्य संचालन सम्बन्धमा
# बैंक तथा वित्तीय संस्थाहरुलाई अत्यन्त जरुरी सूचना

धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ अनुसार धितोपत्र खरिद आवेदन संकलन गरी प्रविष्टि गर्ने कार्यलाई त्रुटिरहित बनाउन बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकलाई सिआर नम्बर प्रदान गर्दा, ग्राहकबाट प्राप्त खरिद आवेदन अनुरोध प्रविष्टी गर्दा तथा सि-आस्बामा प्राप्त भएका खरिद आवेदन अनुसारको रकम रोक्का गर्दा अनिवार्य रुपमा देहाय अनुसारको प्रकृया अवलम्बन गर्नुहुन सम्बन्धित सबै बैंक तथा वित्तीय संस्थाहरुलाई अनुरोध गरिन्छ ।

- ग्राहकलाई सिआरएन नम्बर प्रदान गर्दा ग्राहकको बैंक खाताको यथास्थितिको जानकारी प्रदान गर्ने । कुनै ग्राहकको बैंक खाता Dormant मा रहेको खण्डमा ग्राहकलाई सो सम्बन्धी जानकारी तत्काल प्रदान गरी खाता सुचारु गर्न अनुरोध गर्ने ।
- ग्राहकको खरिद आवेदन प्रविष्टि गर्दा ग्राहकले आवेदन फाराममा भरेको अंक र अक्षर राम्रो संग रुजु गरी केरमेट गरिएको खण्डमा पुनः नयाँ फारम भराई सो फारामको आधारमा मात्र आवेदन प्रविष्टि गर्ने ।
- हरेक दिन आवेदकको खातामा रकम रोक्का गर्नका लागि रिपोर्ट तयार गर्नु पूर्व आफ्नो शाखा कार्यालय लाई आफूले प्राप्त गरेका खरिद आवेदन फाराम र सि-आस्बामा प्रविष्टि गरिएका आवेदनको रिपोर्ट अनिवार्य रुपमा रुजु गर्न लगाउने र कुनै त्रुटि भेटिएको खण्डमा तत्काल सच्याउन लगाउने ।
- हरेक दिन सि-आस्बामा प्रविष्टि भएका आवेदन अनुसार ग्राहकको बैंक खातामा रहेको रकम सोही दिन रोक्का राखेर सो को रिपोर्ट सि-आस्बामा अपलोड गर्ने ।
- सि-आस्बामा धितोपत्र बाँडफाँटको रिपोर्ट उपलब्ध हुनासाथ उक्त रिपोर्टको आधारमा ग्राहकको खातामा रोक्का रहेको रकम मध्ये बाँडफाँट भएको धितोपत्र बराबरको रकम सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकको खातामा हस्तान्तरण गरी बाँकी रकम फुकुवा गर्ने र सो को रिपोर्ट सि-आस्बामा तत्काल अपलोड गर्ने ।
- हकप्रद धितोपत्र खरिदका लागि प्राप्त भएका आवेदनको लागि रकम रोक्का राख्दा कुनै कारण बश ग्राहकको खातामा रकम रोक्का राख्न नसकिने भएमा सो को जानकारी अनिवार्य रुपमा ग्राहकलाई गराउने ।
- बैंक तथा वित्तीय संस्थाले एकपटक ग्राहकको खाता रोक्का राखी सि-आस्बामा सोको रिपोर्ट अपलोड गरिसकेपछि सोहि आवेदन नै बाँडफाँटमा समावेश गरिने भएकाले बैंकमा प्राप्त भएका आवेदनको पूर्ण रुपमा जाँचबुझ गर्ने ।

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)**
**शेयर मार्केटस् कमर्सियल कम्पलेक्स, चौथो तल्ला**
**पुतलीसडक, काठमाण्डौ**
**सम्पर्क नं.: ०१-४२३८००८, ४२१६०६८, ४२४०१५०**